आज मिति २०८२/०३/१९ गते बिहिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को चौधौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी……………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन……………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ……………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी……………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ……………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………

९. वडा अध्यक्ष : श्री धन कुमार लिम्बु……………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई……………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती……………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………………………………………

१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………………………………………………

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान……………………………………………………………

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन……………………………………………………………

१९. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी……………………………………………………………

**<u>प्रस्तावहरु</u>**

१. निकाशाबाँकी रकम श्रोतान्तर गरि भुक्तानी गर्ने सम्बन्धमा।
२. डिजिटल प्रोफाइल, आवधिक शिक्षा योजना, स्थानीय पाठ्यक्रम, मध्यकालिन खर्च संरचना, एकीकृत सम्पति कर, IEE लगायतका प्रतिवेदनको स्वीकृति सम्बन्धमा।
३. हिलिहाङ दरबार निर्माण प्यागोडा शैली भुक्तानी सोधभर्ना सम्बन्धमा
४. आर्थिक सहायता सम्बन्धमा।
५. जयभवानी मा.वि. को खेल मैदानको सरसफाईको लागि गाउँपालिकामा रहेको ब्याकहो लोडर प्रयोग गर्न दिने सम्बन्धमा ।
६. ३ नं. वडा अन्तरतगको देउराली साम्रे र जोर चिहान देखी सिमलबोटे सम्म मोटरबाटो सरसरसफाई सम्बन्धमा ।
७. श्रोतान्तर सम्बन्धमा।

**निर्णय नं. १**

महालेखा नियन्त्रकको कार्यालयको प सं २०८१।०८२ च नं ७८ मिति २०८२।०१।२३ गतेको पत्रानुसार अर्थमन्त्रालय वित्तीय संघीयत समन्वय महाशाखाको प सं २०८१।०८२ च नं ३५६ मिति २०८२।०१।१६ को पत्रलाई कोड गरी चालु आ व को राजश्व संकलनको आधारमा वित्तीय समानिकरण अनुदानको हस्तान्तरण गर्ने परिपाटी रहेकोमा चालु आ व को राजश्व संकलनको अवस्था हेरी कुल हस्तान्तरण हुने रकमको ९१.७६ प्रतिशत रकम मात्र निकासा हुने व्यहोरा अवगत भयो । हिलिहाङ गाउँपालिकालाई वित्तीय हस्तान्तरण हुने भनिएको रु ९४३००००००।०० अक्षरुपी नौ करोड त्रिचालिस लाखको ९१.७६ प्रतिशत अर्थात ८६५२९६८०।०० आठ करोड पैसठ्ठी लाख उनान्तिस हजार छ सय असी मात्र निकासा भएको र बाँकी रु ७७७०३२०।०० अक्षरुपी सतहत्तर लाख सत्तरी हजार तीन सय बिस रुपैया को योजना तथा कार्यक्रमको भुक्तानी गर्न स्रोत अपुग हुने हुदाँ सो बजेट सीमा नबढ्ने गरी आवश्यकता बमोजिम भुक्तानीका लागि योजना तथा कार्यक्रमहरु आन्तरिक स्रोतबाट कार्यालयले भुक्तानी गराउन सक्ने र कार्यपालिकाद्वारा अनुमोदन गर्ने गरी अधिकार प्रत्यायोजन लिन गाउँसभामा सिफारिस गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

हिलिहाङ गाउँपालिकाकले यस आर्थिक वर्षमा निर्माण भएका देहायका प्रतिवेदनहरुलाई स्वीकृत गरी आवश्यकता अनुसार भुक्तानी प्रक्रिया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**देहाय:**

१. हिलिहाङ गाउँपालिकाको आवधिक शिक्षा योजना, २०८२
२. आधारभुत तह (कक्षा १-८) स्थानीय पाठ्यक्रम, २०८२
३. मध्यकालिन खर्च संरचना प्रतिवेदन, २०८२
४. एकिकृत सम्पति कर प्रतिवेदन, २०८२
५. ढुङ्गा, गिटी तथा बालुवाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, २०८२
६. डिजिटल प्रोफाइल प्रतिवेदन, २०८२
७. दीगोविकास लक्ष्य स्थानीयकरण ढाँचा र दीगो विकास लक्ष्य

**निर्णय नं. ३**

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार काठमाण्डौं र हिलिहाङ गाउँपालिकासँगको संयुक्त लागत साझेदारी (७०/३०) मा निर्माण गर्नेगरी हिलिहाङ दरबार (प्यागोडा शैलीको) निर्माण आयोजना निर्माण व्यवसायी भगवती बौद्ध जे भि सँग कबोल रकम रु २,९१,४०,२००/- (दुई करोड एकानब्बे लाख चालिस हजार दुई सय मात्र) मिति २०७८ असोज १८ गतेका दिन वि सं २०८० माघ २५ गतेसम्मको अवधिमा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । यसै सन्दर्भमा हिलिहाङ गाउँपालिकाले कबोल ठेक्का अंकको रु ८७,४२,०६०/- भुक्तानी गर्नुपर्नेमा संघिय

सरकारबाट निकासा नभएको कारण पालिकाले आन्तरिक स्रोतबाट रु १,९७,३२,७८५/- भुक्तानी गरेको छ । गाउँपालिकाले निकासा गर्नुपर्ने भन्दा रु १,०९,९०,७२५/- बढी भुक्तानी गरेको रकम कार्यप्रगती प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गरि निकासा माग गरिएको हुदाँ आ व २०८१।०८२ मा रु १०९९०७२५/- अक्षरुपी एक करोड नौ लाख नब्बे हजार सात सय पच्चीस मात्र निकासा प्राप्त भएको हो । सो निकासा रकम निर्माण व्यवसायीलाई भुक्तानी गर्दा निजलाई दोहोरो भुक्तानी हुन जाने हुदाँ कोष तथा लेखा नियन्त्रकको कार्यालय पाँचथर फिदिमलाई उक्त शिर्षकको रकम हिलिहाङ गाउँपालिकाको खातामा सोधभर्ना निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

क. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

| क्र. सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री इस्वरी नेपाल | हिलिहाङ-६ | सर्पदंश | रु. १५,०००/- | उपचार खर्च प्र.अ भुपेन्द्र प्रसाद पौडेल ब्रह्मायोगेश्वर वैदिक विध्यापिठ जोरपोरखरीलाई भुक्तानी दिने । |
| २. | श्री देवेन्द्र कुमारी सुहाङ | हिलिहाङ-५ | मानसिक रोग | ३०००००।- | उपचार खर्च । |

**निर्णय नं. ५**

जयभवानी माध्यमिक विद्यालयको खेलमैदानको सरसफाई र स्तरोन्नतीको लागि गाउँपालिका द्वारा ८४ घण्टा जे सि भि प्रयोग गर्न दिने र सो बापतको इन्धन खर्च सम्बन्धित विद्यालयले नै वेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

वर्षादको कारण विग्रेका ३ नं. वडा अन्तरतगको देउराली साम्रे र जोर चिहान देखी सिमलबोटे सम्म मोटरबाटो सरसरसफाई गर्दा भएको रकमको भुक्तानी नापि किताब, प्राविधिक कार्य सम्पन्न मुल्याङकन तथा अनुगमन समितिको सिफारिस आधारमा प्रकोप व्यवस्थापन कोषबाट रु.४००००।- दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. ७**

गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनको तेश्रो बैठकका लागि देहायका प्रमुख कार्यसूचीहरु तय गर्ने ।

**देहायः**

१. उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेडाईद्धारा न्यायिक समितिको बार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरि पारितको लागि निर्णयार्थ प्रस्तुत गर्नु हुने ।

२. सभा सदस्य एबं विधायन समितिका संयोजक श्री देवी कार्कीद्धारा हिलिहाङ गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को पहिलो संशोधन विधेयक ध्वनी मतले पारित गरियोस भनि सभामा पेश गर्नु हुने ।

३. उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेडाईद्धारा विनियोजन विधेयक, २०८२ पारित गरियोस भनि सभामा पेश गर्नु हुने ।

४. उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेडाईद्धारा बार्षिक बजेट तथा कार्यक्रम, २०८२ पारित गरियोस भनि सभामा पेश गर्नु हुने ।

५. अर्थ तथा सार्वजनिक लेखा समितिको सदस्य श्री खड्ग बहादुर राईद्धारा हालसम्मको अध्यविधक बेरुजु सभामा जानकारी गराउँदै आर्थिक वर्ष २०७९।८० तथा २०८०।८१ को अनियमित बेरुजु नियमित गरियोस भनि सभामा पेश गर्नु हुने ।

६. अध्यक्ष श्री समर बहादुर अधिकारीद्धारा २ नं. प्रशासकीय भवन, अमरपुर स्वास्थ्य चौकी तथा पाँचसैया अस्पतालको म्याद कार्यपालिकाद्धारा थप गरिएको विषय अनुमोदन गरियोस भनि निर्णयार्थ प्रस्तुत गर्नु हुने ।

७. अध्यक्ष श्री समर बहादुर अधिकारीद्धारा आर्थिक वर्ष २०८१।०८२ को कार्यपालिका, अध्यक्ष स्तरीय तथा कार्यालयस्तीय निर्णयहरु अनुमोदन गरियो भनि निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुने ।

८. उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेडाईद्धारा कार्यालयले आवश्यकता बमोजिम संघीय समानीकरणको अपुग रकमको भुक्तानिको लागि श्रोतान्तर गर्ने प्रस्ताव पारित गरियोस भनि सभामा पेश गर्नु हुने ।